# सुरुङ्गा नगरपालिका
# स्थानीय राजपत्र

| खण्ड १) | संख्या ३ | मिति २०७५ साल श्रावण १ गते |
|---|---|---|

## भाग १

## सुरुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## मधुपटी,सप्तरी
## प्रदेश न २ नेपाल

### सुरुङ्गा नगरपालिका क्षेत्रभित्र नयाँ सहकारी दर्ता तथा दर्ता भएका सहकारीलाई व्यवस्थित वनाउन वनेको सहकारी ऐन २०७५

आज्ञाले

नामः-राजकुमार दास

प्रमुख प्रशासकिय अधिकृत

# सुरुङ्गा नगरपालिकाको सहकारी ऐन, २०७५

प्रस्तावनाः

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्यकेन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित सङ्गठनका रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रूपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी सङ्घ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमनसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले, सुरुङ्गा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ :

क. यस ऐनको नाम "सुरुङ्गा नगरपालिकाको सहकारी ऐन, २०७५" रहेको छ।

ख. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ।

(ख) "कसुर" भन्नाले दफा ७९ बमोजिमको कसुर सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।

तर सो शब्दले अंशबन्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेसा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउनेछैन।

(ङ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले सहकारीसम्बन्धी विषय हेर्ने सङ्घीय मन्त्रालय सम्झनुपर्छ।

(छ) "मुख्य कारोबार" भन्नाले संस्थाले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनुपर्छ।

(ज) "रजिस्टार" भन्नाले सङ्घको रजिस्टार सम्झनु पर्छ ।

(झ) "लेखा सुपरिवेक्षण समिति" भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनुपर्छ ।

(ञ) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ट) "विभाग" भन्नाले सङ्घको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ।

(ठ) "सेयर" भन्नाले सहकारी संस्थाको सेयर पुँजीको अंश सम्झनुपर्छ ।

(ड) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ड) "सदस्य" भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

(ढ) "समिति" भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(ण) "सहकारी मूल्य" भन्नाले स्वावलम्बन, स्व–उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, इमानदारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाहलगायत अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारीसम्बन्धी मूल्य सम्झनुपर्छ ।

(त) "संस्थाको व्यवसाय" भन्नाले विनियममा व्यवस्था भएबमोजिम सञ्चालित व्यावसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(थ) "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासोलगायत अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारीसम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(द) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

(ध) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(न) "प्राथमिक पुँजी कोष" भन्नाले सेयर पुँजी र जगेडा कोष सम्झनुपर्छ ।

(प) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।

## परिच्छेद–२

## सहकारी संस्थाको गठन तथा दर्ता

**३.संस्थाको गठन :**

(१) कम्तीमा तीस जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवालगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानुनबमोजिम दर्ता भएको आफ्नो पेसागत सङ्गठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिएबमोजिमका सर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एकसय जनाभन्दा कम सङ्ख्या रहेको एउटै कार्यालयका कम्तीमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिएबमोजिमका सर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस दफाबमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा(२)मा उल्लिखित सङ्ख्या पुगेको हुनुपर्नेछ ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्नेछैन ।

४. दर्ता नगरी सहकारी सस्था सञ्चालन गर्न नहुने :

कसैले पनि यस ऐनबमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन ।

५. दर्ताका लागि दरखास्त दिनुपर्ने :

(१) यस ऐनबमोजिम गठन भएका सहकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारीसमक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिमका दरखास्तसाथ देहायबमोजिमका कागजातहरू संलग्न गर्नुपर्नेछ :

(क) पहिलो तथा दोस्रो प्रारम्भिक भेलाको निर्णय,

(ख) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ग) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(घ) आवेदक सदस्यहरूले लिन स्वीकार गरेको सेयर सङ्ख्या र सेयर रकमको विवरण ।

(ङ) आवेदक सदस्यहरुको तीनपुस्ते विवरणसहितको व्यक्तिगत विवरण

(घ) तोकिएबमोजिमका अन्य कागजातहरू

६. दर्ता गर्नुपर्ने :

(१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्तसहितका कागजातहरू छानबिन गर्दा देहायबमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ :

(क) दरखास्तसाथ पेस भएको विनियम यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्यकेन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने बेहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नुपर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका सुरुङ्गा नगरपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐनबमोजिम दर्ता भएको मानिनेछ ।

(४) यस दफाबमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नुपर्ने गरी कुनै सर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

**७. दर्ता गर्न अस्वीकार गर्न सक्ने :**

(१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भएबमोजिम हुने गरी बिनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनुपर्नेछ ।

**८. सहकारी संस्था सङ्गठित संस्था हुने :**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीका लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले सङ्घीय ऐनको अधीनमा रही व्यक्तिसरह चल-अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र सोउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्तिसरह करार गर्न सक्नेछ ।

**९. सहकारी संस्थाको कार्यक्षेत्र :**

(१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्यक्षेत्र देहायबमोजिम हुनेछ :

(क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्म :

(१) सदस्यहरुबीच स्वावलम्बनको पारस्परिक अभ्यासका लागि आपसी साझा बन्धन (कमन बन्ड),

(२) व्यावसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य सङ्ख्या,

(३) संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले दर्ता भई व्यावसायिक सेवा प्रारम्भ गरेको दुई वर्षपछि देहायका आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र नगरपालिकाका थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यावसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्यक्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहररू अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वैच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(६) कार्यक्षेत्र पुनः निर्धारणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१०. जानकारी दिनुपर्ने :**

(१) सुरुङ्गा नगरपालिकाभित्र कार्यक्षेत्र कायम राखी अन्यत्र दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले सुरुङ्गा नगरपालिकामा सञ्चालित कारोबार वा सेवा र सदस्यहरूको विवरणसहित यस नगरपालिकाको दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

(२) यस नगरपालिकाअन्तरगत दर्ता भइ सुरुङ्गा नगरपालिकाभन्दा बढी कार्यक्षेत्र कायम राखी अन्यत्र कारोबार वा सेवा सञ्चालन गरेका संस्थाहरुले सञ्चालित कारोबार वा सेवा र सदस्यहररूको विवरणसहित कारोबार भएको तहको दर्ता गर्ने अधिकारीलाई जानकारी दिनु संस्थाको कर्तव्य हुनेछ ।

**११. विषयगत आधारमा वर्गीकरण :**

(१) सहकारी संस्थाको वर्गीकरण देहायबमोजिम हुनेछ :

(क) **उत्पादक संस्था :** कृषि,दुग्ध, चिया,कफी,उखु,फलफूल र माछापालन विशेषका विषयगत र अगुवाबाली एवम् उत्पादनकोयोजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था ;

(ख) **उपभोक्ता संस्था :** उपभोक्ता भण्डार, बचत तथा ऋण,ऊर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजनासमेतका आधारमा अन्य उपभोगजन्य संस्था ;

(ग) श्रमिक संस्था : हस्तकला,खाद्य परिकार,औद्योगिक उत्पादन,भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजनासमेतका आधारमा अन्य श्रममा आधारित संस्था ;

(घ) बहुउद्देश्यीय संस्था : उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवासमेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था ।

(२) उपदफा (१) को खण्ड (क),(ख)र (ग) मा उल्लिखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतका आधारमा तोकिएबमोजिमका विषयहरू थप गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरू गठन गर्न बाधा पर्नेछैन ।

१२. कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :

(१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्थाले आफ्नो उद्देश्यप्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।

तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानुनबमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने रहेछ भने सोबमोजिम अनुमतिपत्र ,स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्नेछ।

(३) उपदफा (३) बमोजिम संस्थाले प्रचलित कानुनबमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (५) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नेसम्बन्धी अन्य व्यबस्था तोकिएबमोजिम हुनेछ ।

१३.दायित्व सीमित हुने :

(१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको सेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नुपर्नेछ ।

१४ .सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नुपर्ने :

सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नुपर्नेछ ।

## परिच्छेद–३
## संस्थाका उद्देश्य तथा कार्य

१५. संस्थाको उद्देश्यः

कार्यक्षेत्रमा आधारित र सदस्यकेन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

१६.संस्थाको कार्यः

संस्थाका कार्यहरू देहायबमोजिम हुनेछन् :

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने ,

(ङ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(च) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(छ) संस्थाको व्यावसायिक प्रवर्द्धन तथा विकाससम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(ज) मन्त्रालय,रजिस्टार, प्रादेशिक रजिस्टार,स्थानीय तह वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(झ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद–४
## विनियम तथा आन्तरिक कार्यविधि

१७. बनाउनुपर्ने विनियम :

(१) संस्थाले यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनका लागि विनियम बनाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१८. आन्तरिक कार्यविधि बनाउनसक्ने :

(१) संस्थाले यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकताअनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

१९. ठियम र आन्तरिक कार्यविधिमा संशोधनविन :

(१) संस्थाको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## परिच्छेद-५

## सदस्यता

२०. संस्थाको सदस्यताः

(१) अठार वर्ष उमेर पूरा गरेका देहायबमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्:

(क) कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको,

(ख) संस्थाको कम्तीमा एक सेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित सर्तहरु पालना गर्न मन्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्द्धा हुने गरी कारोबार नगरेको,

(च) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्रभित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्नेछैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्नेछैन ।

२१. सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्ने :

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समितिसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैँतीस दिनभित्र समितिले यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारीसमक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नका लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनुपर्नेछ ।

२२. सदस्य हुन नपाउने :

(१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा वढी संस्थाको सदस्य हुन पाउनेछैन ।

तर यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखिबाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

२३. सदस्यताको समाप्ति :

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार वार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन,यस ऐनअन्तर्गत बनेको नियम वा विनियमबमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यका तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुनेछैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिनेछैन ।

२४. सुविधा प्राप्त गर्न नसक्ने :

कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम तथा बिनियमबमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्यसरहको सुविधा प्राप्त गर्न सक्नेछैन ।

## परिच्छेद –६

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

२५. साधारण सभाः

(१) सहकारी संस्थाको सर्वोच्च अङ्गका रूपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुने छन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

२६. साधारण सभाको काम, कर्तव्य र अधिकार:

प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षका लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भएबमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

२७.वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार:

वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटनसम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिकलगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

२८. साधारण सभाको बैठक :

(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनुपर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनुपर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनुपर्नेछ :

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिबाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेस गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाइ पच्चीस प्रतिशत सदस्यले समितिसमक्ष निवेदन दिएमा,

(ङ) दफा २९ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

२९. विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने :

(१) संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ :

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(घ) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैँतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनुपर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारण सभाका लागि गणपूरक सङ्ख्या तत्काल कायम रहेको सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारण सभामा गणपूरक सङ्ख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनुपर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमतसहित एक तिहाइ साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २८ को (४) मा भएको व्यवस्था सोहीअनुसार हुनेछ ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिएबमोजिम सदस्य सङ्ख्याको आधारमा वडा-वडा वा अन्य पायकको स्थानमा सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

३०.सञ्चालकसमितिः

(१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउनेछैन ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्नेछैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी सङ्घ वा बैङ्कबाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउनेछैन ।

तर वार्षिक दुई करोड रुपैँयाभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीका रुपमा काम गर्न बाधा पर्नेछैन । वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनुपर्नेछ ।

(६) समितिको कार्यावधि तीन वर्षको हुनेछ ।

३१. सञ्चालक समितिको निर्वाचन :

(१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु कम्तीमा एक महिनाअघि अर्को समितिको निर्वाचन गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीन महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो सङ्घ भए सो सङ्घको प्रतिनिधिसमेतलाई सहभागी गराई समितिको निर्वाचनसम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले बेहोर्नु पर्नेछ ।

(७) यस दफाबमोजिम समितिको अर्को निर्वाचन नभएसम्मका लागि समितिले विनियममा व्यवस्था भएबमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

## ३२. समितिको काम, कर्तव्य र अधिकार :

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तबमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेस गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) सेयर नामसारी, विक्रि तथा फिर्ता लिनेसम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित सङ्घको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने/गराउने,

## ३३. सञ्चालकपदमा बहाल नरहनेः

देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्नेछैन :

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोहीबमोजिम हुनेछ ।

(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा

(च) निजको मृत्यु भएमा ।

३४. सञ्चालकलाई पदबाट हटाउन सक्ने :

(१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ :

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानि-नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबारसम्बन्धी विषयको गोपनीयता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्द्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेको ठहर भएमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नुअघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाइ पेस गर्ने मनासिबमाफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाइ पेस नगरेमा वा निजले पेस गरेको सफाइ सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउनेछैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिका लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

३५. र्णयनिजी स्वार्थ समावेश भएको नि प्रक्रियामा संलग्नहुन नहुने :

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्नु गराउनु हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को बिपरीत हुने गरी वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाहीप्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि - नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि - नोक्सानी निजको जायजेथाबाट असुलउपर गरिनेछ ।

३६. समितिको विघटन :

(१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ :

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्यविपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीमा उल्लिखित सर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदनसमेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयवस्तुको गाम्भीर्यका आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समितिलाई विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिएबमोजिमको एक तदर्थ समिति गठन गर्नुपर्नेछ ।

(५) यस दफाबमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले बेहोर्नेछ ।

३७. लेखा सुपरिवेक्षण समितिको गठन :

(१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिएबमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्नेछैन ।

३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :

(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने/गराउने,

(ख) आन्तरिक लेखा परीक्षण गर्दा लेखा परीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने/गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने/गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेस गर्ने,

(छ) आफूले पटक-पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समितिसमक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीनजनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउनेछैन ।

## परिच्छेद–८

## बचत तथा ऋण परिचालन

**३९. सदस्यकेन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्ने :**

(१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्थाबाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउनेछैन।

तर यो ऐन प्रारम्भ हुनुअघि बहुउद्देश्यीय वा विषयगत संस्थाका रूपमा दर्ता भई मुख्य कारोबारका रूपमा वचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा वचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क लिन पाइनेछैन ।

(४) बचत र ऋणको ब्याजदरबीचको अन्तर छ प्रतिशतभन्दा बढी हुनेछैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोका आधारमा ब्याज लगाउन पाइनेछैन ।

(६) संस्थाले कुनै पनि कम्पनीको सेयर खरिद गर्न सक्नेछैन ।

तर

(१) संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनका लागि अचल सम्पत्ति खरिद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुका हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पुँजीकोष परिचालन गर्न वाधा पर्नेछैन ।

(२) यो ऐन प्रारम्भ हुनुअघि कुनै संस्थाले कुनै कम्पनीको सेयर खरिद गरेको भएमा त्यस्तो सेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्षको अवधिभित्र हस्तान्तरण गरिसक्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको सेयर खरिद गर्न बाधा पर्नेछैन ।

(७) संस्थाले प्राथमिक पुँजीकोषको पन्ध्र गुणासम्म वचत सङ्कलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्यबाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिनाको अवधि व्यतीत नभई ऋण लगानी गर्न सक्नेछैन ।

**४०.सन्दर्भ व्याजदरसम्बन्धी व्यवस्था :**

(१) सङ्घीय कानुनबमोजिम रजिस्टारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ ।

**४१. व्यक्तिगत बचतको सीमाः**

संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ ।

## परिच्छेद –९

## आर्थिक स्रोत परिचालन

४२. सेयर बिक्री तथा फिर्तासम्बन्धी व्यवस्था :
(१) संस्थाले आफ्नो सदस्यलाई सेयर विक्री गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल सेयर पुँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी सेयर बिक्री गर्न सक्नेछैन ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुनेछैन ।

(३) संस्थाको सेयरको अङ्कित मूल्य प्रतिसेयर एक सय रुपैयाँ हुनेछ ।

(४) संस्थाको सेयरपुँजी विनियममा उल्लेख भएबमोजिम हुनेछ ।

(५) संस्थाले खुला बजारमा सेयर विक्री गर्न पाउनेछैन ।

(६) संस्थाको मूलधनका रूपमा रहेको कुनै सदस्यको सेयर सोही संस्थाको ऋण वा दायित्वबाहेक अन्य कुनै ऋण वा दायित्वबापत लिलाम विक्री गरिनेछैन ।

४३. रकम फिर्ता तथा खाता सञ्चालनसम्बन्धी व्यवस्था :
(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिएबमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिएबमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ ।

(३) संस्थाले वचत खाताहरू मात्र सञ्चालन गर्न सक्नेछ ।

४४. ऋण वा अनुदान लिन सक्ने :
(१) संस्थाले विदेशी बैङ्क वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सङ्घीय कानुनवमोजिम स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतिका लागि तोकिएवमोजिमका विवरणहरू सहित दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले गाउँ\नगर कार्यपालिकामा प्रस्ताव पेस गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्ताव गाउँ\नगर कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गरि पठाउनेछ ।

४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने :
(१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा सङ्घीय कानुन वमोजिम स्वीकृतिका लागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्तावसहित निवेदन दिनुपर्नेछ ।

(२) दफा (१) वमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा गाउँ\नगर कार्यपालिकाले सङ्घीय कानुनबमोजिम स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गरी पठाउनुपर्नेछ ।

## परिच्छेद –१०

## संस्थाको कोष

४६. संस्थाको कोष :
(१) संस्थाको कोषमा देहायबमोजिमको रकम रहनेछ :

(क) सेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतका रूपमा प्राप्त रकम,

(ग) ऋणका रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यावसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेशशुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

४७. जगेडा कोष :

(१) संस्थामा एक जगेडा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमका रकम रहनेछन् :

(क) आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, सङ्घ वा निकायले प्रदान गरेको पुँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

४८. संरक्षित पुँजी फिर्ता कोष :

(१) संस्थामा एक संरक्षित पुँजी फिर्ता कोष रहनेछ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको सङ्घीय कानुनमा तोकिएबमोजिमको वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्नेछ ।

४९. सहकारी प्रवर्द्धन कोषसम्बन्धी व्यवस्था :

(१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नका लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सङ्घीय कानुनमा व्यवस्था भएबमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग सङ्घीय कानुन व्यवस्था भएबमोजिम हुनेछ ।

५०. अन्य कोषसम्बन्धी व्यवस्था :

(१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, सेयर लाभांश कोष, कर्मचारी बोनस कोष, सहकारी शिक्षा कोष, सहकारी विकास कोष, सहकारी घाटापूर्ति कोषलगायत तोकिएबमोजिमका अन्य कोषहरू रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्यपूर्तिका लागि विनियममा तोकिएबमोजिम उपयोग गर्न सकिनेछ ।

तर एक वर्षको सेयर लाभांशको रकम सेयर पुँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुनेछैन ।

## परिच्छेद –११

## अभिलेख र सूचना

५१. अभिलेख राख्नुपर्ने :

(१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षितसाथ राख्नुपर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिएबमोजिम सुरक्षितसाथ राख्नुपर्नेछ ।

५२. विवरण उपलब्ध गराउनुपर्ने :

(१) संस्थाले देहायका विवरणहरूसहितको प्रतिवेदन आ.व. समाप्त भएको तीन महिनाभित्र दर्ता गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्नेछ :

(क) वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(ख) बार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठकसम्बन्धी जानकारी,

(च) सेयर सदस्य सङ्ख्या र सेयरपुँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

(२) संस्थाले प्रत्येक महिना तोकिएको मासिक प्रगति विवरण महिना समाप्त भएको मितिले ७ दिनभित्र दर्ता गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्नेछ ।

(३) संस्थाले प्रत्येक चौमासिकमा तोकिएको चौमासिक विवरण अवधि समाप्त भएको मितिले १५ दिनभित्र दर्ता गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्नेछ ।

(४) दर्ता गर्ने अधिकारीले माग गरेको विवरण तोकिएको ढाँचा वा कम्प्युटरमार्फत विद्युतीय माध्यमबाट समेत उपलब्ध गराउनु संस्थाको कर्तव्य हुनेछ ।